आज मिति २०७९ साल भाद्र महिनाको २७ गते सोमवारका दिन उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण बहादुर खत्रि | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | रमेश राई | प्र.प्र.अ. | |

**सहयोगी :**

१. पारसमणि फुयल

२. शेखर वुढाथोकी

३. ईश्वर राज थापा

४. दुर्गा रमण फुयल

५. बाबुराम घिमिरे

६. सन्तोष राज थापा

७. सुनिल महतो

८. शेर ब० कार्की

**प्रस्तावहरु :**

१. अघिल्लो बैठक समिक्षा सम्वन्धमा ।

२. दशैं अगाडी गा पा भित्रका वाटो सफाई तथा मर्मत सम्बन्धमा ।

३. अपाङ्गता परिचय पत्र वितरण शिविर सञ्चालन सम्वन्धमा ।

४. सार्वजनिक सुनुवाई गर्ने सम्वन्धमा ।

५. गाउँ शिक्षा नियमावली स्विकृत गर्ने सम्वन्धमा ।

६. ढुङ्गा,गिटी वालुवाको पुन:ठेक्का सम्वन्धमा

७. विविध

क) Intregrated health information mgmt. system सम्बन्धमा

ख) अपाङ्गता परिचयपत्र वितरण स्थानीय समन्वय समिति गठन सम्बन्धमा

ग)

घ)

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा अधिल्लो वैठक संख्या ४ को निर्णय अनुसारका कार्यहरु कार्यान्वयन भईरहेको व्यहोरा जानकारी भयो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा दशैं अगाडी गा पा भित्रका मुख्य बाटोहरु सार्बजनिक खरिद ऐनले तोकेको मापदण्ड पूरागरि सफाई तथा मर्मत कार्य गरि सक्ने र सो कार्यको लागि तिन दिन भित्र वडा कार्यालयले गाउँपालिकाको प्राविधिक शाखालाई दशैं अगाडी नै सञ्चालनमा ल्याउने मुख्य वाटोहरुको नामावली तयार गरि आवश्यक समन्वय गरी वाटो सञ्चालनमा ल्याउने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथी छलफल गर्दा चालु आ. व. २०७९।८० का लागि अपाङ्गता परिचय पत्र वितरण शिविर सञ्चालन मिति २०७९ असोज २५ र २६ गते यसै गाउँपालिकाको वडा नं. २ को माङसीङटार र वडा नं ६ को नेपालटारमा सञ्चालन गर्ने निर्णय गरियो । सो कार्यको लागि प्रचार प्रसार तथा समन्वयको लागि सम्वन्धीत वडाको जनप्रतिनिधि र कर्मचारीलाई तोक्ने र समन्वयको लागि महिला वालवालीका शाखालाई तोक्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा आ.व. २०७८।७९ को सार्वजनिक सुनुवाई यसै गाउँपालिकाको वडा नं २ को कार्यालयमा २०७९ मंसीर ९ मा सञ्चालन गर्ने यसको तयारीका लागि लेखा शाखाको समन्वयमा यसको जिम्मा यस कार्यालयका कर्मचारी फडिन्द्र विश्वकर्मालाई तोक्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ६ यस अघि आब्हान गरिएको ठेक्कामा कुनै फर्मवाट पनि वोलपत्र नपरेकोले ढुङ्गा,गिटी वालुवाको २,४९,६७६।०० घनफिट वरावरको परिमाण उत्खनन गर्न प्रदेश आर्थिक ऐन अनुसार हुने गरि पुनःठेक्का लगाउन सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ को विविध "क" को Intregrated Health Information Management System सार्वजनिक खरिद ऐन अनुसार प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ६ को विविध "ख" माथी छलफल गर्दा अपाङ्गता भएको व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७६ को परिच्छेद ३ मा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन २०७४ को दफा ४२ अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि गाउँपालिकामा देहाय वमोजिमको स्थानीय समन्वय समिति रहनेछ :

क) गाउँपालिका उपाध्यक्ष : संयोजक

ख) गाउँपालिकाको महिला सदस्य मध्येवाट गाउँपालिकाले तोकेको महिला सदस्य
श्री डल्लीमाया विश्वकर्मा

ग) गा.पा. भित्रका मध्यमिक विद्यालयका प्रधानाध्यापक वा श्रोत व्यक्ति मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति श्री सन्तमान राई (मा.वि. जल्केनी) सम्पर्क नं ९८४२९९४५५५

घ) गाउँपालिका अध्यक्षले तोकेको स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको
चिकित्सक डा. श्री सम्राट सिटौला

ङ) स्थानीय प्रहरी कार्यालयको प्रमुख : प्रहरी चौकी उदयपुरगढी

च) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येवाट गाउँपालिका अध्यक्षले मनोनित गरेको संस्थाको प्रतिनिधि सदस्य जिल्ला अपाङग महासंघ

छ) गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येवाट समन्वय समितिले मनोनयन गरेको एक जना महिला सदस्य सहित तिन जना सदस्य
गौर बहादुर श्रेष्ठ (उ.गा.पा. ८)
चन्द्र बहादुर कार्की (उ.गा.पा. ५)

CamScanner

चिनीमाया तामाङ्ग (उ.गा.पा.४)

ज) नेपाल सरकार र प्रदेश सरकारका स्थानीय स्तरमा रहेका सम्वन्धीत विषय हेर्ने कार्यालयको प्रमुख सदस्य

झ) गाउँपलिकाको उपाध्यक्षले तोकेको गाउँपालिकाको कर्मचारी नविता कुमारी निरौला रहने ।

जसको लागि कार्यपालिकाको मासीक बैठक हरेक महिनाको ३ गते वस्ने भएकाले सोही दिन यस समन्वय समितिको वैठकले निर्णय गर्ने र वितरण गर्ने निर्णय गरियो ।

CamScanner